23rd of Jan

मुख्य समाचार

- राष्ट्रपति उपराष्ट्रपति अनि प्रधानमन्त्रीले गर्नुभयो नेताजी-लाई जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जलि अर्पण
- वर्ष 2030 सम्ममा देशको कुल गार्हस्थ उत्पादनमा 20 प्रतिशत योगदान डिजिटल अर्थतन्त्रको हुने
- दिल्लीका विधानसभाका लागि चुनाव प्रचार तीव्र गतिमा
- SNT साना राज्य यातायात एकाइ वर्गमा People's Choice 2024 पुरस्कारले पुरस्कृत
- जलगाँव पुष्पक एक्सप्रेस दुर्घटनामा 13 को मृत्यु, 10 जनाको पहिचान

राष्ट्रपति उपराष्ट्रपति अनि प्रधानमन्त्रीले गर्नुभयो नेताजी-लाई जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जलि अर्पण

आज नेताजी सुभाषचन्द्र बोसको जन्मदिन हो। उहाँको जन्मजयन्तीलाई पराक्रम दिवसका रूपमा मनाइन्छ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड अनि प्रधानमन्त्री नरेन्द्र मोदीले नेताजी-लाई जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जलि अर्पण गर्नुभयो। राष्ट्रपतिले सामाजिक सञ्जालमा पोष्ट गर्दै नेताजी भारतको स्वतन्त्रता संघर्षका सबैभन्दा दृढ र प्रेरणादायी व्यक्तित्वहरूमध्ये एक रहेको बताउनुभएको छ। राष्ट्रपतिले थप भन्नुभएको छ "स्वतन्त्रताको लागि नेताजीको बिगुलले लाखौं भारतीयलाई स्वतन्त्रता आन्दोलनमा सहभागी हुन प्रेरित गरेको थियो।" उहाँले "स्वतन्त्रता प्राप्तिका लागि नेताजीको अथक प्रतिबद्धता र आजाद हिन्द फौजको साहसी नेतृत्वले भारतीय पुस्तालाई सदैव प्रेरित गरिरहने ठहर गर्नुभएको छ । उपराष्ट्रपतिले पनि भारतको स्वतन्त्रता र आजाद हिन्द फौजको निर्माणका लागि नेताजीको समर्पण उहाको असाधारण दृष्टि र वीरताको प्रतीक भएको बताउनु भयो । प्रधानमन्त्री श्री मोदीले भन्नुभयो कि भारतको स्वतन्त्रता संग्राममा नेताजी सुभाष चन्द्र बोसको योगदान अतुलनीय छ। BYTE.....

प्रधानमन्त्रीले थप भन्नुभयो, "नेताजी साहस र धैर्यका प्रतीक हुनुहुन्थ्यो। उहाँको दूरदृष्टिले आज पनि देशलाई प्रेरित गरिरहेको छ, किनभने हामी उहाँको सपनाको भारत निर्माण गरिरहेका छौँ।" BYTEE....

वर्ष 2030 सम्ममा देशको कुल गार्हस्थ उत्पादनमा 20 प्रतिशत योगदान डिजिटल अर्थतन्त्रको हुने

वर्ष 2030-सम्ममा देशको कुल गार्हस्थ उत्पादनमा 20 प्रतिशत योगदान डिजिटल अर्थतन्त्रको हुनेछ। यो सुचना इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले हिजो सार्वजनिक गरेको एक प्रतिवेदनमा उल्लेख गरिएको छ। प्रतिवेदनअनुसार, वर्ष 2022-23 मा राष्ट्रिय आम्दानीमा डिजिटल अर्थतन्त्रको योगदान 11.74 प्रतिशत थियो, जुन तीव्र गतिमा वृद्धि भइरहेको छ। प्रतिवेदनले भनेको छ कि भारत डिजिटल अर्थतन्त्रबाट सबैभन्दा धैरै लाभ लिने विकास-उन्मुख देश बन्नेछ।

दिल्लीका विधानसभाका लागि चुनाव प्रचार तीव्र गतिमा

दिल्लीका 70 विधानसभा सिटका लागि चुनाव प्रचार तीव्र गतिमा भइरहेको छ। भारतीय जनता पार्टी, आम आदमी पार्टी र कांग्रेसले रोड शो, सार्वजनिक सभा र घर-घर गएर मतदाताहरूलाई आकर्षित गर्ने प्रयास गरिरहेका छन्। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आज किराडी विधानसभा क्षेत्रमा एक जनसभालाई सम्बोधन गर्नुभयो। आम आदमी पार्टीमाथि हमला गर्दै उहाले भन्नुभयो कि राष्ट्रिय राजधानीमा सडक र सरसफाइको अवस्था सोचनीय छ। उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले पनि आज पालम क्षेत्रमा रोड शो गर◌ुनुभयो। यसैबीच, आम आदमी पार्टीका संयोजक अरविन्द केजरीवालले आज तीन वटा ऱ्यालीलाई सम्बोधन गर्नुभयो। पालम क्षेत्रमा एक रोड शोको क्रममा, आम आदमी पार्टीका वरिष्ठ नेता तथा पञ्जाबका मुख्यमन्त्री भगवन्त मानले आफ्नो पार्टीले योग्यको राजनीति गर्ने दाबी गर्नुभयो। उहाले दिल्लीमा आम आदमी पार्टीले फेरि चुनाव जित्ने विश्वास व्यक्त गर◌ुनुभयो।

सूचना तथा प्रसारण मन्त्रालयका सचिव संजय जाजुले आज

सूचना तथा प्रसारण मन्त्रालयका सचिव संजय जाजुले आज प्रयागराजको महाकुम्भ नगरस्थित सेक्टर-4 मा रहेको अल इन्डिया रेडियो र दूरदर्शन क्याम्प अफिसको भ्रमण गर्नुभयो । उहाले महाकुम्भको कभरेजको लागि गरिएको व्यवस्थाको समीक्षा गर्नुभयो।

पत्रकारहरूसँग कुरा गर्दै उहाले भन्नुभयो कि  प्रसार भारतीले महाकुम्भ 2025 को व्यापक कभरेज र विभिन्न कार्यक्रम र गतिविधिहरूको प्रसारको लागि व्यापक व्यवस्था गरेको छ। आकाशवाणी र दूरदर्शनले महाकुम्भसँग सम्बन्धित रोचक तथ्यहरू प्रदान गरिरहेका छन्  अनि महाकुम्भले एकताको सन्देश दिने पनि श्रि  जाजुले बताउनुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

SNT साना राज्य यातायात एकाइ वर्गमा People's Choice 2024 पुरस्कारले पुरस्कृत सिक्किम राष्ट्रियकृत परिवहन (SNT) प्रावास 4.0-मा साना राज्य यातायात एकाइ वर्गमा People's Choice 2024 पुरस्कारले पुरस्कृत भएको छ। प्रवास 4.0, देशभरिका छह हजारभन्दा बढी परिवहन सञ्चालकहरूलाई एकै साथ ल्याउन सफल एउटा प्रसिद्ध मञ्च हो। मुख्यमन्त्री प्रेमसिंह तामाङले यो सफलता प्राप्त गर्न, SNT-का सम्पूर्ण टोलीको उल्लेखनीय प्रयास र समर्पणका निम्ति बधाई एवं शुभकामना दिनुभएको छ।

मुख्यमन्त्रीले भन्नुभएको छ, यस सम्मानले SNT-का यातायात सेवाहरू बढाउने, यात्रालाई सबैका लागि पहुँचयोग्य र सुविधाजनक बनाउने अटल प्रतिबद्धतालाई दर्शाउँदछ। श्री तामाङले एक समय राज्यको जीवनरेखा मानिएको SNT-ले आफ्नो उद्देश्यप्रति अटल रहँदै राज्यवासी र आगन्तुक सबैलाई उत्कृष्टता सेवा प्रदान गरिरहेको बताउनुभएको छ। उहाँले कामना गर्दै भन्नुभएको छ, यस उपलब्धीले SNT-का सम्पूर्ण टोलीलाई आगामी वर्षहरूमा अझ व्यापक माइलखुट्टी हासिल गर्न प्रेरित गरोस्।

जलगाँव पुष्पक एक्सप्रेस दुर्घटनामा 13 को मृत्यु, 10 जनाको पहिचान

महाराष्ट्रको जलगाँवमा भएको पुष्पक एक्सप्रेस रेल दुर्घटनामा मृत्यु हुनेको संख्या 13 पुगेको छ भने हालसम्म 10 जनाको पहिचान भइसकेको छ। बाँकी मृतकहरूको पहिचानका लागि प्रक्रिया जारी छ। सबै शवहरूलाई जलगाँवको सरकारी मेडिकल कलेज र अस्पतालमा पठाइएको छ। मृतकका परिवारजनको सहयोगका लागि जलगाँव collectorate ले 0257-2217193 नम्बरको हेल्पलाइन सेवा सञ्चालनमा ल्याएको छ। महाराष्ट्रका उप-मुख्यमन्त्री अजित पवारले पत्रकारहरुलाई जानकारी दिए अनुसार  दुर्घटना हुनको कारण,  ट्रेनमा आगलागीको अफवाह फैलिएपछि भएको हो। आगलागीको डरले धैरै यात्रु ट्रेनबाट झर्न थालेका थिए। यसै क्रममा विपरीत दिशाबाट तीव्र गतिमा आइरहेको कर्नाटक एक्सप्रेस ट्रेनले ती यात्रुहरूलाई ठक्कर दिएको हो। दुर्घटनाका कारण मुम्बईबाट आवतजावत गर्ने प्रमुख करिब डेढदेखि दुई घण्टा ढिलो भएका छन्। रेलवे प्रशासनले जानकारी दिएअनुसार हाल रेल सेवा पुनः सञ्चालनमा आएको छ र यातायात सामान्य भएको छ।

खेलो इंडिया सिजनको सुरुवात आजदेखि लद्दाखमा

खेलो इंडिया सिजनको सुरुवात आजदेखि लद्दाखमा खेलो इंडिया विन्टर गेम्स 2025 बाट हुँदैछ। केन्द्रीय युवा कार्यक्रम तथा खेल मन्त्री डा. मनसुख माण्डवियाले लेहस्थित नवाङ दोर्जे स्टोब-दान स्पोर्ट्स कम्प्लेक्समा पाँच दिने खेलकुद कार्यक्रमको उद्घाटन गर्नुभयो।

मुख्य समाचार फेरि एकपल्ट

- राष्ट्रपति उपराष्ट्रपति अनि  प्रधानमन्त्रीले गर्नुभयो नेताजी-लाई जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जलि अर्पण
- वर्ष 2030-सम्ममा देशको कुल गार्हस्थ उत्पादनमा 20 प्रतिशत योगदान डिजिटल अर्थतन्त्रको हुने
- दिल्लीका विधानसभाका लागि चुनाव प्रचार तीव्र गतिमा
- SNT साना राज्य यातायात एकाइ वर्गमा People's Choice 2024 पुरस्कारले पुरस्कृत
- जलगाँव पुष्पक एक्सप्रेस दुर्घटनामा 13 को मृत्यु, 10 जनाको पहिचान